सेन्टर फर मिडिया रिसर्च – नेपाल

# नीति पत्र

नीति पत्र शृङ्खला नं. २०
२०७८ साउन १३

प्रदेश नं २

# प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ को समीक्षा र सुझावहरू

## पृष्ठभुमि

नेपालमा २०७२ असोज ३ देखि लागू भएको संघीय गणतन्त्र नेपालको संविधान अनुसार नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरिएको छ । नेपालमा तीन तहको शासन व्यवस्थामा जम्मा ७ वटा प्रदेशमा रहने शासन प्रणाली प्रादेशिक शासन प्रणाली, केन्द्रमा रहने शासन प्रणाली संघीय शासन प्रणाली र ७५३ वटा स्थानीय तहमा रहेको शासन प्रणाली स्थानीय शासन प्रणाली हो । यी तीन वटै तहका अधिकारवारे संविधानमै उल्लेख गरिएको छ । संविधानको अनुसूची ५ मा संघ, अनुसूची ६ मा प्रदेश र अनुसूची ७ मा संघ र प्रदेशका साझा अधिकार एवम् अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारहरु सूचिकृत गरिएका छन् भने प्रदेश र स्थानीयतहका साझा अधिकारलाई अनुसूची ९ मा समावेश गरिएको छ ।

संविधानमा गरिएको बाँडफाँट अनुसार सबै तहका संवैधानिक अधिकारको प्रयोगका लागि तिनै तहका व्यवस्थापिका तथा सरकारले विभिन्न ऐन, नीति, नियमावली, निर्देशिका तथा कार्यविधिहरू निर्माण गरेका वा गरिरहेका छन् । यसैक्रममा विभिन्न प्रदेशले आफ्नो क्षेत्रलाई मध्यनजर गर्दै नयाँ कानुन र नीतिहरू बनाएका र बनाउनेक्रममा रहेका छन् । यो प्रदेशमा २०७४ चैत्रदेखि २०७७ चैत्रसम्म प्रदेश सभाबाटट ३९ वटा विधेयक पारित भएका छन् । त्ससमध्ये दुईवटा मिडियासँग सम्बन्धित छन्, जसमा सञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ र प्रदेश एफएम रेडियो र टेलिभिजन सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ रहेका छन् । २०७५ सालमा एकीकृत सञ्चार विधेयक, २०७५ को मस्यौदा तयार पारिएको थियो । आमसञ्चार सम्बन्धी संघमा नयाँ कानुन बन्न नसकिरहेका बेला प्रदेशहरूमा नयाँ कानुन बनाउने प्रकृया अनुसार तयार भएको विधेयक मिडिया

काउन्सिल,सञ्चार माध्यमको दर्ता,सञ्चार रजिष्टार,सञ्चार प्रतिष्ठान,सञ्चारग्राम, श्रमजीवी पत्रकार र सुचनाको हकमा बढी केन्द्रित थियो । मस्यौदा बनेदेखि नै यसबारे चर्चा सुरू भएपनि २०७६ साल जेठमा प्रदेश सभामा विधेयक पेश भएको थियो । पत्रकारलाई ५० लाखदेखि १ करोड रूपैयाँसम्म जरिवाना हुन सक्ने भन्ने प्रावधान पनि विधेयकमा उल्लेख भएपछि त्यसको विरोध भएको थियो । विधेयकमा भएका कतिपय प्रावधानले पत्रकारलाई नियन्त्रण गर्न ल्याइएको भन्दै सत्तासढका सभासद्हरूले पनि विरोध गरेका थिए ।[१] त्यसपछि मुख्यमन्त्रीले भुलबस ल्याइएको भन्दै विधेयक सच्चाउने प्रतिबद्धता व्यक्त गरेका थिए । पछि सो प्रावधान हटाइएको थियो ।[२] विधेयकबारे सभामा सैद्धान्तिक छलफल गरिएपनि विधेयक संसदीय समितिमा छलफल गरिएन । समितिमा छलफल नगरिएको भन्दै सभासद्हरूले प्रदेशसभामा आपत्ति जनाएका थिए ।[३] दण्ड जरिवाना लगायतका प्रावधानमा संशोधन गरि सर्वसम्मत रूपमा विधेयक पारित गरियो । तरपनि विज्ञले पारित विधेयकमा त्रुटीहरू रहेको भन्दै प्रश्न उठाए ।[४] भाषागत रूपमा समस्या रहेको भन्दै प्रदेश प्रमुखले विधेयक फिर्ता गरेकाले पछि त्यसलाई सुधार गरिएको थियो ।[५] सञ्चार समबन्धी ऐन मूलत् पत्रपत्रिका र अनलाइन सम्बन्धी केन्द्रित भएकाले एफएम रेडियो र टेलिभिजनका लागि प्रदेश एफएम रेडियो र टेलिभिजन सञ्चालन सम्बन्धी ऐन २०७७ ल्याई कार्यान्वयनको प्रकृया छ ।

यस अध्ययनमा प्रदेश सञ्चार सम्न्बधी ऐन २०७७ को बिश्लेषण गरिएको छ । साथै प्रदेश एफएम रेडियो र टेलिभिजन सम्बन्धी ऐनमा रहेका मुख्य प्रावधानको पनि चर्चा गरिएको छ ।

१ प्रदेश २ मा सत्तारूढ सांसदले नै गरे सञ्चार विधेयको विरोध । Retrieved July 15, 2021 from https://www.onlinekhabar.com/2019/05/767203.

२ प्रदेश २ मा पनि उस्तै सञ्चार विधेयक, समाचार लेख्दा १ करोड । Retrieved July 15, 2021 from https://ekantipur=com/news/2019/05/17/15580566798692629=html

३ प्रदेश २ मा सञ्चार सम्बन्धी विधेयकप्रति सत्तारूढ सांसदकै असन्तुष्टि । Retrieved July 15, 2021 from https://www.onlinekhabar.com/2020/06/877175

४ झा, धर्मेन्द्र। प्रदेशमाथि अंकुश लगाउँदै प्रदेश २ सरकार। Retrieved July 15, 2021 from https://www.hulakinews.com/archives/23388

५ प्रदेश २ को सञ्चार सम्बन्धी विधेयक प्रदेश प्रमुखले फिर्ता पठाए । Retrieved July 15, 2021 from https://www.onlinekhabar.com/2020/08/890187

# सञ्चार सम्बन्धी ऐनका मुख्य प्रावधानहरू

प्रदेश नं २ को प्रदेश सभाले २०७७ साल असार १३ गते सर्वसम्मतिले पारित गरेको प्रदेश सञ्चार सम्बन्धी ऐनको दफा ४ ले आमसञ्चार माध्यमको ईजाजत, अभिलेखीकरण, अनुगमन तथा नियमन गर्न आमसञ्चार प्राधिकरणको स्थापना गर्ने व्यवस्था गरेको छ । यसमा प्राधिकरणको अध्यक्ष मन्त्रिपरिषद्वारा र दुई जना सदस्य मन्त्रीस्तरिय निर्णयबाट मनोनित गर्ने उल्लेख छ । हाल मन्त्रिपरिषद्वारा अध्यक्ष र मन्त्रिस्तरीय निर्णयबाट सदस्यहरू नियुक्त गरी आमसञ्चार माध्यम प्राधिकरणको स्थापना गरि काम सुरू गरेको छ । प्राधिकरणको काम, कर्तव्य र अधिकारमा वार्षिक नीति, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,प्रदेश स्तरका छापा पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमको दर्ता, अभिलेखीकरण र नियमन गर्न राखिएको छ । यस्तै पत्रपत्रिका, अनलाइन सञ्चार माध्यम, रेडियो, एफएम रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने, रेडियो टेलिभिजनका लागि फ्रिक्वेन्सी योजना निर्माण गर्ने, प्रसारण केन्द्रहरूको म्यापिङ गरी संघ, प्रदेश र स्थानीय तहमा वितरणका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने, आमसञ्चार प्रविधिको प्रयोग र विकास प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने रहेका छन् । त्यस्तै आमसञ्चारका माध्यमहरूलाई दिइने सुविधाका सम्बन्धमा मन्त्रालयमार्फत प्रदेश सरकारलाई सिफारिस गर्ने लगायतका प्रावधान छन् ।

यसैगरी पत्रपत्रिकाको दर्ता तथा अभिलेखीकरण गराउनु

पर्ने, अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गराउनुपर्ने प्रावधान राखिएका छन् ।

पत्रकारिताको पेसागत मूल्य, मान्यता, आदर्श र आचार अभ्यास अनुरूप उच्चतम आचरण कायम राखी स्वच्छ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्धन गर्ने उद्देश्य प्राप्तिका लागि सरकारले एक मिडिया काउन्सिल स्थापना गर्ने व्यवस्था ऐनको परिच्छेद ५ मा छ । काउन्सिलको उद्देश्यमा स्वच्छ र मर्यादित पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने, प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचारसंहिता तोक्ने, प्रेस र सरकारबीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने लगायत राखिएको छ । त्यसैगरी काम, कर्तव्य र अधिकारमा सञ्चारकर्मीहरूको आचार संहिता बनाइ लागू गर्ने, आचार संहिताको विषयलाई लिएर कसैले काउन्सिलमा उजुरी दिएमा छानविन तथा कार्वाही गर्ने लगायतका छन् ।

काउन्सिलको प्रशासनिक व्यवस्थापन गर्ने कार्यका लागि रजिष्ट्रारको व्यवस्था गरिएको छ । यस्तै काउन्सिलको उद्देश्य अनुरूप काम नगरेको पाइएमा वा पदीय दायित्व अनुसार कार्य तथा आचारण गरेको नपाइएमा वा कुनै किसिमका अनियमितता छानविन आवश्यक देखिएमा सरकारको सञ्चार  हेर्ने मन्त्रालयले पदाधिकारीलाई चेतावनी दिन सक्ने प्रावधान राखिएको छ ।

ऐनको परिच्छेदमा ५ ले श्रमजीवी पत्रकारको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था गरेको छ । ऐनमा  न्युनतम पारिश्रिमक भन्दा कम दिन नपाइने, श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियम लागू नगर्नेलाई सुविधा रोक लगाउनका लागि सम्बन्धित निकायलाई सिफारिस गर्न सक्ने प्रावधान राखिएको छ । जसमा सञ्चार संस्थानलाई प्रचलित कानुन बमोजिम आमसञ्चार माध्यमको श्रेणी विभाजनमा समावेश नगर्ने, प्रदेश सरकारबाट दिने अनुदान वा विज्ञापनमा रोक लगाउन वा कटौती गर्ने, सञ्चार सामग्री एवं सो सँग सम्बन्धित कच्चा पदार्थको आयातमा रोक लगाउने, सरकारी भ्रमण दलमा सहभागी नगराउन र प्रदेश सरकारले आमसञ्चार संस्थालाई उपलब्ध गराउने अन्य सुविधामा रोक लगाउन सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ ।

यसैगरी ऐनको दफा ४५ को (ग) ऐन विपरीत काम गरेको देखिएमा प्रदेश सरकारले सञ्चारमाध्यमको सञ्चार सामाग्री एवं सोसँग सम्बन्धित कच्चा पदार्थको आयातमा रोक लगाउन सक्ने व्यवस्था गरिएको छ ।

ऐनमा लगानी सम्बन्धी व्यवस्था, स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था, आमसञ्चार माध्यम सञ्चालन सुरू भएको तथा बन्द भएको जानकारी दिनु पर्ने प्रावधान पनि राखिएको छ ।

यस्तै सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रिष आँच आउने विषय, विभिन्न संघीय इकाइबीचको सुसम्बन्धमा आँच आउने विषय, विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह वा अदालतको अवहेलना वा अपराध गर्न दुरूत्साहन गर्ने विषय, गाली बेइज्यतीको विषय प्रकाशन तथा प्रसारण गर्न नहुने लगायतका व्यवस्था गरिएको छ ।

प्रेस काउन्सिलले सञ्चार माध्यममा श्रेणी विभाजन गर्ने, आमसञ्चार माध्यमको इजाजत तथा अभिलेखीकरण खारेज नगरिने प्रावधान राखिएको छ ।

यस्तै इजाजत लिएको दुई वर्षसम्म प्रसारण सुरू नगरेमा, कुनै मनासिव कारण बाहेक एक वर्ष भन्दा बढी समयसम्म प्रसारण बन्द गरेमा र ऐन अनुसार नविकरण नगरेमा अनुमतिपत्र रद्ध गर्न सक्ने प्रावधान पनि राखिएको छ ।

चलचित्र लगायत प्रदेशभित्रका लोकसंस्कृतिमा आधारित श्रव्यदृश्य सम्बन्धी लोकसञ्चारका विविध पक्षलाई विकास, विस्तार र नियमन गर्न स्वायत्त संस्थाका रूपमा चलचित्र तथा लोकसञ्चार प्रवर्धन गर्ने भनेर चलचित्र तथा लोकसञ्चार प्रवर्धन बोर्ड बनाइएको छ ।

# कसुर तथा सजाय

ऐनमा पत्रपत्रिका अभिलेखीकरण नगराइ प्रकाशन र बिक्री वितरण गर्न नहुने प्रावधान राखिएको छ ।

दफा ६२ मा सञ्चारमाध्यमले प्रदेशमा दर्ता अभिलेखिकरण नगराएमा, विदेशी पत्रपत्रिकाको नेपाली संस्करण प्रकाशन गरेमा कसुरको मात्रा हेरी १० हजारदेखि २० हजार रूपैंयासम्म जरिवाना गरी पत्रपत्रिका प्रकाशनका लागि प्रयोग भएका यन्त्र उपकरण जफत गर्ने भनिएको छ । दफा ६३ मा अनलाइन सञ्चारमाध्यमले मुख्य पृष्ठमा आ□नो सञ्चार माध्यमको विवरण नराखेमा वा दर्ता नगराएमा १० हजारदेखि २० हजारसम्म जरिवाना र यन्त्र उपकरण जफत गर्ने भन्ने उल्लेख छ । ऐनको दफा ५२ मा उल्लेख भएको

कार्यहरू मध्ये कुनै प्रकाशन तथा प्रसारणको कार्य गरे वा गर्न लगाएमा दश हजारदेखि बीस हजार रूपैयाँसम्म जरीवाना गरी सो कार्यबाट कसैलाई क्षति पुगेको भएमा क्षति पुगेको व्यक्तिलाई मनासिव माफीको क्षतिपुर्ति भराइ दिनु पर्ने व्यवस्था पनि गरिएको छ ।

## प्रदेश एफएम रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धी ऐन २०७७ का मुख्य प्रावधानहरू

जनचेतना जगाउन, निष्पक्ष स्वतन्त्र एवं आधिकारिक समाचार, सुचना र मनोरञ्जनको पहुँचलाई जनता समक्ष विस्तार गर्ने लगायतका उद्धेश्यले रेडियो, एफएम तथा टेलिभिजनको अनुमति, सञ्चालन, नविकरण र नियमनका लागि प्रदेश एफएम रेडियो तथा टेलिभिजन सम्बन्धी ऐन जारी भई लागु भएको छ । ऐनमा प्रदेशभित्र रेडियो, एफएम र केबुलमा आधारित टेलिभिजनको प्रसारण सम्बन्धी कार्यक्रमको अनुमति, रेखदेख सञ्चालन र नियमन सम्बन्धी नीति निर्माण गरी सोको कार्यान्वयन गर्ने अधिकार मन्त्रालयलाई हुने उल्लेख छ । इजाजतपत्र नलिइ प्रसारण गर्न नहुने प्रावधान अनुसार इजाजतपत्र नलिइ कुनैपनि कार्यक्रम उत्पादन. प्रसारण, सिग्नल, डाउनलिंक, भूउपग्रह प्रसारण केन्द्रको स्थापना र विधुतीय नेटवर्कमार्फत प्रसारण तथा डाउनलिंक गर्न नपाइने व्यवस्था राखिएको छ ।

प्रदेशभित्र रेडियो, एफएम र टेलिभिजन प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले मन्त्रालयमा निवेदन दिनुपर्ने, निवेदन उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिन मनासिव देखेमा शर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न इजाजतपत्र दिन सक्ने, इजाजतपत्र प्राप्त गरेको ६ महिनाभित्र प्रसारण सम्बन्धी काम सुरू गर्नु पर्ने व्यवस्था गरिएको छ । यस्तै इजाजतपत्रको प्रत्येक आर्थिक वर्षमा नविकरण गराउनुपर्ने, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय वा संघीय इकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राजद्रोह, गाली बेइज्यती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्सान गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवं लैंगिक विभेदलाई प्रत्यक्ष वा परोक्ष सहयोग पुग्ने कुनै कार्यक्रम प्रसारण गरेमा त्यस्तो संस्थालाई मन्त्रालयले सचेत गराउन सक्ने व्यवस्था गरिएको छ । सचेत गराउँदा पनि नमानेमा वा त्यस किसिमको प्रसारण पुन गरेमा प्रसारण रोक लगाउन सक्ने व्यवस्था पनि राखिएको छ । सो आदेश वा निर्णयमा चित्त नबुझ्ने पक्षले पैतिस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था पनि राखिएको छ ।

रेडियो तथा टेलिभिजनको फ्रिक्वान्सी बाँडफाँट तथा वितरणको योजना बनाइ स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस गर्ने, रेडियो र टेलिभिजनका फ्रिक्वन्सीलाई सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण तथा व्यापारिक प्रसारणका लागि मन्त्रालयले बाँडफाँट गर्ने, फ्रिक्वन्सी दुई वर्षसम्म पनि प्रयोग नगरेमा वा नभएमा इजाजत स्वतः रद्द हुन सक्ने व्यवस्था पनि राखिएको छ ।

कार्यक्रम उत्पादन तथा प्रसारणमा प्रदेशस्तरका कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान, प्रविधि, स्वास्थ्य, परिवार नियोजन, पर्यटन, वन तथा वातावरण संरक्षण जस्ता विकासमुलक सचेतनामुलक एवं सन्देशमुलक एवं सन्देशमुलक कार्यक्रमहरू लगायतलाई प्राथमिकता दिनुपर्ने प्रावधान पनि राखिएको छ ।

अरू प्रदेशको प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिने, विदेशी प्रसारण संस्था वा सञ्चारमाध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिने, गलत र भ्रामक तथ्य राखेर राजनैतिक दल, व्यक्ति, संस्था, समुदाय लगायतलाई प्रतिकूल असर पार्ने कुराहरू, अश्लिल किसिमका सामग्रीहरू विज्ञापन प्रसारण गर्न नपाइने लगायतका प्रावधान राखिएको छ ।

प्रसारकको काम, कर्तव्य र अधिकारमा आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यताबारे आवश्यक छानविन गरी निर्धारित समयमा प्रसारण गर्ने गराउने, राजनैतिक रूपमा निष्पक्ष भइ समाचारको सम्पादन तथा प्रसारण गर्ने गराउने लगायतका राखिएको छ ।

# सजाय

प्रसारण संस्थाको इजाजतपत्र नलिइ प्रसारण संस्था स्थापना गरी प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्था बन्द गरी त्यस्तो प्रसारण संस्थालाई इजाजत पत्र तथा अनुमतिपत्र दर्ता गर्दा लाग्ने दस्तुरको दोब्बर जरीवाना हुने व्यवस्था गरिएको छ । ऐनसँग सम्बन्धित विषयमा परेका उजुरी तथा विवादहरूको निरूपण गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयका संयोजकमा समिति बनाउने व्यवस्था गरिएको छ ।

# सञ्चार ऐनमा सुधार

प्रदेश २ ले यसअघि संसदमा दर्ता गरेको एकीकृत सञ्चार सम्बन्धी विधेयकमा भएका कतिपय प्रावधानहरूलाई परिमार्जन तथा संशोधन गरेर ऐन बनाएको छ, विद्येयकमा सञ्चारमाध्यम र सञ्चारकर्मीहरूलाई १ करोड रूपैँयासम्म दण्ड जरिवाना गर्न सक्ने व्यवस्था घटाएर अहिले १० हजारदेखि २० हजार रूपैयासम्म राख्ने तयारी गरिएको थियो । यो सँगै अरू दफाहरू पनि संशोधनसहित पारित भएको छ । जुन पहिलेको तुलनामा सुधार भएको पाइन्छ ।

विधेयकमा राष्ट्रिय हितलाई ध्यानमा राखी सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै सामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशित तथा प्रसारित गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जचाँएर मात्र प्रकाशित तथा प्रसारित गर्न नपाउने गरी आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको थियो । यस्तै आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्य सामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्न समेत पाउँदैन भन्ने प्रावधान राखिएको थियो । सो प्रावधानलाई ऐनमा हटाइएको छ ।

इजाजत पत्र नलिइ वा स्वीकृत नलिइ कुनै सामग्री प्रकाशन तथा प्रसारण गरे गराएमा त्यस्तो व्यक्तिलाई जरीवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था राखिएको थियो । फौजदारी अभियोगलाई ऐनमा हटाइएको छ ।

विधेयकमा सरकारले पत्रपत्रिका, रेडियो, टेलिभिजन चलाउने प्रावधान राखिएको थियो । त्यसलाई ऐनमा हटाइएको छ ।

पत्रपत्रिकाको मात्र श्रेणी विभाजन गर्ने प्रावधान राखिएको थियो । ऐनमा अभिलेखीकरण भएका आमसञ्चार माध्यमलाई मिडिया काउन्सिलले श्रेणी विभाजन गर्न सक्ने व्यवस्था गरिएको छ ।

मिडिया काउन्सिलको अध्यक्षको मापदण्ड र नियुक्तिको व्यवस्थामा परिमार्जन गरिएको छ । विधेयकमा कम्तिमा १० वर्ष कुनै पनि सञ्चार माध्यममा आवद्ध रहेको ठाउँमा १५ वर्ष राखिएको छ । यस्तै प्रदेश नं २ स्थायी बसोबास गरेको ठाउँमा प्रदेश नं २ मा रही निरन्तर रूपमा पत्रकारिता गरेको भन्ने मापदण्ड राखिएको छ ।

विधेयकमा मिडिया काउन्सिलको सदस्यमा महिला अनिवार्य गरिएको थिएन । तर, ऐनमा २ जना महिला राखिएको छ । यस्तै विधेयकमा काउन्सिलका पदाधिकारीलाई निलम्बन तथा पदमुक्त गर्न सक्ने प्रावधान राखिएकोमा ऐनमा सो प्रावधान हटाइएको छ ।

विधेयकमा सञ्चार प्रतिष्ठान स्थापना गर्ने र त्यसको काम कर्तव्य र अधिकारमा व्यवसायिक पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने लगायतका राखिएकोमा ऐनमा आमसञ्चार माध्यम प्राधिकरण स्थापना गर्ने र त्यसको काम, कर्तव्य र अधिकारमा प्रदेश स्तरका छापा पत्रपत्रिका र अनलाइन सञ्चार माध्यम दर्ता अभिलेखीकरण र नियमन गर्ने लगायतका रहेका छन् । विधेयकमा प्रतिष्ठानका पदाधिकारीहरूलाई चेतावनी दिन र निलम्बन गर्न सक्ने व्यवस्था गरिएकोमा ऐनमा सो प्रावधान हटाइएको छ ।

विधेयकमा सञ्चार माध्यमको विकास तथा पत्रकार दक्षता, क्षमता एवं वृति विकास तथा आवासको व्यवस्था समेतलाई ध्यानमा राखी सञ्चार सम्बन्धी सम्पूर्ण निकायका कार्यालय एकै स्थानमा रहने गरी सरकारले सञ्चारग्राम स्थापना गर्ने प्रावधान राखिएकोमा ऐनमा सो प्रावधान हटाइएको छ ।

यस्तै श्रमजीवि पत्रकार सम्बन्धी व्यवस्थामा ऐन वा नियम विपरित कुनै काम गरेमा प्राधिकरणले सुविधा प्रदान गर्नबाट रोक लगाउन सम्बन्धित निकायमा सिफारिस गर्न सक्ने प्रावधान राखिएको छ, जुन विधेयकमा उल्लेख गरिएको थिएन ।

विधेयकमा सूचनाको हकको व्यवस्था गरिएकोमा ऐनमा सो प्रावधान हटाइएको छ ।

# ऐनमा रहेका मुख्य समस्या र सुझावहरू

- आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिललाई एकातिर स्वायत्त निकायका रूपमा परिकल्पना गरिएको छ भने अर्कातिर कतिपय जिम्मेवारीहरू मन्त्रालयको ईकाईका रूपमा राखिएको छ । सरकार अन्तर्गत इकाइ हुन कि स्वायत्त हुन्, त्यस सम्बन्धी बुझाईमा एकरूपता ल्याई प्रष्ट पार्नु पर्छ । स्वायत्त निकायका रूपमा लिई जिम्मेवारीहरूलाई पनि सोही अनुसार परिमार्जन गर्दा उपयुक्त हुन सक्छ । आमसञ्चार प्राधिकरणलाई मुलत् पत्रपत्रिका र अनलाइन सम्बन्धी जिम्मेवारी दिइएको छ । छुट्टै ऐनबाट रेडियो र टेलिभिजन सम्बन्धी मन्त्रालयले नै हेर्ने व्यवस्था गरिएको छ । आमसञ्चार प्राधिकरणलाई प्रदेशभित्रका एफएम रेडियो, टेलिभिजन लगायतको अभिलेखीकरण, व्यवस्थापन र नियमनको समेत जिम्मेवारी दिंदा प्रदेशभित्रका सबै आमसञ्चार माध्यमहरूको व्यवस्थापन र प्रवर्धन गर्न सहज हुन सक्छ ।

- प्राधिकरण र मिडिया काउन्सिलको कोष र लेखा प्रणालीबारे थप स्पष्ट हुनु पर्छ । सरकारबाट प्रत्येक वर्ष अनुदान लिई कोषमा जम्मा गर्ने र सो कोषमा अरू स्रोतबाट आउन रकम जम्मा गर्ने व्यवस्था गर्न जरूरी देखिन्छ । त्यसो गर्दा स्वायत्त रूपमा कार्यक्रमहरू सञ्चालन गर्न र लेखा प्रणालीलाई समेत व्यवस्थित गर्न सहज हुन सक्छ ।

- आमसञ्चार प्राधिकरणको अध्यक्ष मन्त्रिपरिषद् र सदस्यहरू मन्त्रिस्तरीय निर्णयबाट हुने व्यवस्था गरिएको छ । सिफारिस गर्ने संयन्त्रबिना आमसञ्चार प्राधिकरणमा सरकारबाट हुने नियुक्तिले प्राधिकरण स्वशासित हुन सक्दैन । यसमा मन्त्रालयकै हालीमुहाली हुने सम्भावना रहन्छ । मन्त्रालयले आफू अनुकुल व्यक्तिहरू प्राधिकरणमा नियुक्ति गर्ने र निजहरू मार्फत् मिडियालाई नियन्त्रण गर्न सक्ने देखिएको छ । स्वायत्त संस्थाको परिकल्पना गर्ने तर नियुक्तिमा हस्तक्षेप गर्न सक्ने संयन्त्र हुँदासम्म प्राधिकरणमा दलीय प्रभाव रहिरहन सक्छ । त्यसैले अर्कोपटक देखि संसदीय संयन्त्र बनाएर नियुक्ति गर्ने संयन्त्र बनाउँदा स्वतन्त्र र स्वायत्त संस्थाका रूपमा काम गर्न सक्ने वातावरण सिर्जना हुन सक्छ ।

- अध्यक्ष र सदस्य नियुक्त गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्ने उल्लेख छ । तीन जना मात्र नियुक्त हुने हुँदा समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात गर्न कठिन हुने देखिन्छ ।

- प्राधिकरणको अध्यक्ष हुनका लागि मान्यता प्राप्त विश्व विद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उतिर्ण गरेको र पत्रकारिता क्षेत्रमा कम्तिमा १० वर्ष अनुभव हासिल गरेको वा पत्रकारिता क्षेत्रमा कम्तिमा २० वर्ष अनुभव प्राप्त गरेको भनी उल्लेख गरेको प्रावधानमा समस्या छ । पत्रकारिता क्षेत्रका कम्तिमा २० वर्ष काम गरेको पत्रकारको शैक्षिक योग्यता चाहिने कि नचाहिने त्यो प्रष्ट छैन । त्यसलाई स्पष्ट गर्न जरूरी छ ।

- दफा ९मा कार्यवाहक अध्यक्ष तोक्न सक्ने पनि भनिएको छ । पद रिक्त भएपछि अध्यक्षकै लागि प्रक्रिया अगाडि बढाउँदा राम्रो हुने भएकोले त्यसैमा जोड दिन आवश्यक छ । कार्यवहाक तोक्नु परेमा सदस्यहरूले आफू मध्येबाट छानेका सदस्यहरूबाटै तोक्ने व्यवस्था गर्दा उचित हुन्छ । दफा १२ को उपदफा (छ)मा प्राधिकरणले आमसञ्चार माध्यमले ऐन बमोजिम प्रदेश सरकारले तोकेको कार्य तथा दिएको निर्देशन लगायतका अन्य कुराहरू कार्यान्वयन गरे नगरेको निरीक्षण अनुगमन गरी नगरेको पाइएमा गर्न लगाउन उल्लेख छ । गर्न लगाउने भन्ने प्रावधानले हस्तक्षेप समेत निम्त्याउन सक्छ । कानुनको कार्यान्वयन हुनु पर्छ । तर त्यसलाई बहाना बनाएर हस्तक्षेप हुन सक्नेप्रति सचेत हुन आवश्यक छ दफा १२ को उपदफा (छ) मा आमसञ्चार माध्यमले यस ऐन बमोजिम प्रदेश सरकारले तोकेको कार्य तथा दिएको निर्देशन लगायतका अन्य कुराहरू कार्यान्वयन गरे नगरेको निरीक्षण अनुगमन गरी नगरेको पाईएमा गर्न लगाउने भनिएको छ । यसमा लेखिएको आम सञ्चार माध्यमलाई सरकारले निर्देशन दिने प्रावधान प्रेस स्वतन्त्रता विरूद्ध छ । यसलाई हटाइनु पर्दछ ।

- पत्रिका र अनलाइन दर्ताको छुट्टा छुट्टै व्यवस्था गरिएको छ । तर पत्रपत्रिकासँगै त्यही पत्रिकाको अनलाइन दर्ता कसरी गर्ने भन्ने स्पष्ट पारिएको छैन । यसबारेमा स्पष्ट गर्दा सहज हुन सक्छ ।

- दफा २८ को उपदफा (घ) मा सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने

उल्लेख छ । पत्रकार आचार संहिता पालना गर्न पत्रकार तथा मिडियालाई सुझाव दिनु स्वभाविक भएपनि नागरिकहरूको मर्यादा कायम राख्न लगाउनु स्वभाविक देखिदैन । सामाजिक मूल्य मान्यतालाई ध्यान दिनु पर्ने र परम्परा तथा संस्कृतिको संरक्षणमा सहयोग पुर्याउनु मिडियाको दायित्व भएपनि सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्ने विषयलाई काउन्सिलमा नराख्दा पनि हुने देखिन्छ ।

- दफा २८ को (ङ) मा प्रेस स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिने प्रयत्नशिल रहने उल्लेख छ । प्रयत्नशिल रहने प्रावधान पर्याप्त छैन । त्यसैले प्रयत्नशिल भन्ने शब्द हटाएर हस्तक्षेप हुन नदिने उल्लेख गर्नु उपयुक्त हुन सक्छ । यस्तै दफा २९ मा काउन्सिलको गठनको व्यवस्थामा छ । संघीय प्रणाली भएका भारतसहित कैयौं देशमा प्रदेशहरूमा अलग अलग काउन्सिल बनाउने अभ्यास नरहेकाले यसबारे संघीय ऐनमै उचित व्यवस्था हुनुपर्ने देखिँदा यहाँ रहेका काउन्सिल सम्वन्धी प्रावधानमा पुनर्विचार गर्न जरूरी छ ।

- दफा ३३ को उपदफा (५) मा काउन्सिलको निर्देशनलाई कार्यान्वयन नगर्ने सञ्चार मध्यमको सुविधा रोक्वा वा कट्टा गर्न सक्ने प्रावधान राखिएको छ । काउन्सिलको निर्णयमा चित्त नबुझेमा अदालता जान सक्ने प्रावधान पनि राख्न जरूरी देखिन्छ । दफा ३९ मा सञ्चार राजिष्टार रहने प्रावधान अनुसार काउन्सिलको प्रशासनिक व्यवस्थापन गर्ने कार्यका लागि एक जना सञ्चार रजिष्टार तोक्न सक्ने व्यवस्था छ । आमसञ्चार प्राधिकरण गठन भइ मिडियाका धेरै काम यहीबाट हुने भएकाले सञ्चार रजिष्टारको व्यवस्था गर्न जरूरी छैन । प्रशासनको व्यवस्थापनका लागि प्रशासकीय प्रमुखको व्यवस्था गर्दा उचित हुन सक्छ ।

- दफा ४५ को उपदफा (ग)मा ऐन पालना नगर्ने सञ्चार माध्यमलाई सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पदार्थको आयातमा रोक लगाउन सिफारिस गर्ने भन्ने उल्लेख छ । त्यो प्रावधान पनि समस्याग्रस्त छ । आयातमा रोक लगाउने भन्दा अरू सेवा सुविधा रोक्नका लागि सिफारिस गर्दा उपयुक्त हुन सक्छ । नत्र मन नपरेको मिडियालाई ऐन पालना नगरेको भन्दै मिडियाका लागि आवश्यक सामग्री आयातमा रोक लगाउन सक्ने खतरा रहन सक्छ ।

- दफा ४८ को उपदफा (३) मा कुनै पनि आमसञ्चार माध्यममा वैदेशिक लगानी गर्न नपाइने व्यवस्था गरिएको छु। जुन राष्ट्रिय आमसञ्चार नीति २०७३मा भएको प्रावधानसँग मेल खाँदैन । राष्ट्रिय आमसञ्चार नीतिमा विदेशी लगानीको भूमिका निर्णायक हुने गरी विदेशी लगानीलाई प्रोत्साहन गर्ने उल्लेख गरिएको छ । आमसञ्चार नीतिसँग नबाझ्ने गरी यो प्रावधानलाई परिमार्जन गर्न जरूरी देखिन्छ ।

- ऐनको दफा ५४ मा आमसञ्चार माध्यमको इजाजत तथा अभिलेखीकरण खारेज नगरिने र दफा ५५ मा इजाजत लिएको दुई वर्षसम्म प्रसारण प्रारम्भ नगरेमा, कुनै मनासिव कारण बाहेक एक वर्ष भन्दा बढी समयसम्म प्रसारण बन्द गरेमा र ऐन बमोजिम नविकरण नगरेमा अनुमतिपत्र रद्ध गर्न सक्ने व्यवस्था गरिएको छ । आमसञ्चार माध्यमलाई व्यवस्थित गर्नका लागि गठन गरिएको आमसञ्चार प्राधिकरणले छापा, अनलाइन, रेडियो, टिभी लगायत सबैलाई हेर्न सक्ने गरी ऐनमा संशोधन गर्नु पर्छ । एफएम रेडियो तथा टेलिभिजन सम्बन्धी ऐनका महत्वपूर्ण प्रावधानहरूलाई यही ऐनमा समेटेर सो ऐनलाई प्रतिस्थापन गर्न आवश्यक छ । यसो नगर्ने भो भने प्रसारण सम्बन्धी कार्य गर्न यो ऐनबाट मिल्दैन ।

- ऐनको दफा ६२ मा पत्रपत्रिकाको अभिलेखीकरण नगराई प्रकाशन तथा बिक्री वितरण गरेमा वा विवरण परिवर्तन गरेको अभिलेख संशोधन नगराई प्रकाशन तथा बिक्री वितरण गरेमा प्रकाशनका लागि प्रयोग भएका यन्त्रउपकरणहरू जफत हुने उल्लेख गरिएको छ । यो नेपालको संविधान २०७२ विपरित भएकाले हटाउन जरूरी छ ।

- ऐनको दफा ६३ अभिलेखीकरण नगराई अनलाइन सञ्चारमाध्यम सञ्चालन गरेमा वा विवरणहरू बेवसाइटको मुख्य पृष्ठमा नराखेमा अनलाइन सञ्चालनमा प्रयोग भएका यन्त्रहरू जफत गर्ने उल्लेख छ । नेपालको संविधान २०७२ विपरित

रहेकाले सो प्रावधानलाई हटाउन जरूरी देखिन्छ ।

- चलचित्र तथा लोकसञ्चार प्रवर्धन गर्ने बोर्डलाई स्वायत्त संस्थाका रूपमा परिकल्पना गरिएको छ । तर नियुक्ति मन्त्रालयले गर्न सक्ने प्रावधान राखिएको छ । स्वायत्त संस्थाका रूपमा अघि बढाउने हो भने सिफारिस गर्ने संयन्त्र बनाउने र आर्थिक स्रोतबारे पनि प्रष्ट गर्दा उचित हुन सक्छ ।

- प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्वन्धी विश्वव्यापी मान्यता, नेपालको संविधानको व्यवस्था एवम् नेपालमा कार्यान्यवनमा रहेको ३ तहका सरकारको मूल मर्म अनुरूप प्रदेश सरकारले कानुनको मस्यौदा तयार पार्नुपर्नेमा त्यसो हुन सकेको देखिएन । ऐन कानुन बनाउँदा यी पक्षहरूलाई ध्यान दिन जरूरी हुन्छ ।

- यो ऐन पत्रकार, प्रेस र अभिव्यक्ति स्वतन्त्रता मैत्री बन्न सकेको छैन । ऐनका केही प्रावधान नेपालको संविधानको धारा १९ र आमसञ्चार नीति २०७३ विपरित देखिएका छन् । यी प्रावधानका कारण स्वतन्त्र पत्रकारिता माथि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रदेश सरकारको हस्तक्षेप हुनुका साथै नागरिकको अभिव्यक्रि स्वतन्त्रता माथि नै अंकुश लाग्न सक्नेछ । अतः यस ऐनलाई संशोधन गर्नुको विकल्प देखिदैन ।

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानूनहरूका कमीरकमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययनरअनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org.np
वेभः research.butmedia.org